# त्रिभुवन विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिताद्वारा शिक्षकहरूको नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०८२

त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५० (२०८० असार ३ सम्मको संशोधन सहित) नियम १२६ ले दिएको अधिकार प्रयोग गरि त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषदले त्रिभुवन विश्वविद्यालयमा अनुसन्धानात्मक विशिष्टताका आधारमा शिक्षक पदमा खुला प्रतियोगिताका माध्यमबाट गरिने नियुक्तिको सिफारिस सम्बन्धमा देहायका विनियमहरू बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१.१ सङ्क्षिप्त नाम र प्रारम्भ

(१) यो विनियमको नाम त्रिभुवन विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिताद्वारा शिक्षकहरूको नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०८२ रहेको छ। यसलाई संक्षेपमा अनुसन्धानात्मक विशिष्टताका आधारमा शिक्षक नियुक्ति सिफारिस, २०८२ भनिनेछ।

(२) यो विनियम तुरुन्त लागू हुनेछ।

१.२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा

(१) "विश्वविद्यालय" वा "त्रि. वि." भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ।

(२) "सेवा आयोग" भन्नाले त्रिभुवन विश्वविद्यालय सेवा आयोग सम्झनुपर्छ।

(३) "प्रतियोगिता" भन्नाले सेवा आयोगद्वारा लिइने अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने खुला प्रतियोगिता सम्झनु पर्छ।

(४) "शिक्षक" भन्नाले विश्वविद्यालयका शिक्षक सम्झनु पर्छ। यस शब्दले सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार शिक्षक वा व्यक्ति समेत जनाउँछ।

(५) "योग्यता" भन्नाले यस विनियम अनुरूप शिक्षक पदमा नियुक्तिको लागि तोकिएको न्यूनतम योग्यता सम्झनु पर्छ।

(६) "अङ्क" भन्नाले सेवा आयोगबाट यसै विनियमको विभिन्न दफाबमोजिम विभिन्न आधारमा दिइने अङ्क सम्झनु पर्छ।

(७) "अन्य विनियम" भन्नाले त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७५ (संशोधन सहित) लाई सम्झनु पर्दछ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

१.३ ऐन वा नियम प्रयुक्त भएकोमा प्रसङ्गवस अर्को अन्तर्गतको प्रयुक्त शब्द र वाक्यांशहरू यस प्रक्रियामा अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरूप गरिनेछ ।

## परिच्छेद २
## सिफारिस सम्बन्धी कार्यवाही

२.१ कार्यकारी परिषदले स्थायी पद पूर्तिका लागि तोकि पठाएको पद र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले शिक्षक पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धी कारवाही सुरु गर्नेछ र सेवा आयोग स्वयंले साधारणतया ६ महिना भित्रै सिफारिसको कारवाही टुङ्गो लगाई सक्नेछ ।

२.२ विज्ञापन र आवेदन फाराम

२.१ कार्यकारी परिषदले स्थायी पद पूर्तिको लागि तोकी पठाएको पद, सङ्ख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले शिक्षक पदमा नियुक्तिको सिफारिस सम्बन्धी कारवाही सुरुं गर्नेछ र सेवा आयोग स्वयंले साधारणतया ६ महिना भित्रै सिफारिसको कारवाही टुङ्गो लगाई सक्नेछ ।

२.२. विज्ञापन र आवेदन फाराम

(१) सेवा आयोगबाट यस विनियमका आवश्यकताहरू पूर्ति हुने गरी आवेदन फारामहरू तोकिनेछन् ।

(२) नियुक्तिको लागि सिफारिस गर्नु पर्ने शिक्षक पद र त्यसको किसिम तथा सङ्ख्या, सबै प्रकारको न्यूनतम योग्यता एवं प्रतियोगिताको किसिम समेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्रपत्रिका, सेवा आयोगको वेवसाइट र सम्भव भएसम्म अन्तराष्ट्रिय डिजिटल मिडियामा समेत प्रकाशित गरिने छ ।

(३) यस विनियम अन्तर्गतको आवेदनको लागि दस्तुर त्रि.वि. सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(४) विज्ञापन बमोजिम आवेदन दिने म्याद प्रथम पटक पत्रिकामा छापिएको मिति देखि कम्तिमा ३५ दिन राखिनेछ । दोब्बर आवेदन दस्तूर सहित थप ७ दिनको म्याद राखिनेछ ।

(५) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले तोकिएको आवेदन फाराम तोकिएको म्याद भित्र सेवा आयोगले तोके बमोजिम पेस गरिसक्नु पर्नेछ ।

(६) म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारवाही गरिने छैन ।

२.३ प्रारम्भिक छनोट गरिने

(१) प्रत्येक पदको लागि प्राप्त आवेदनहरूमा यो बिनिमयको दफा ४.१ अनुसार अनुसन्धान तथा कृति प्रकाशनका लागि तोकिएको न्यूनतम निरपेक्ष अङ्क प्राप्त गर्ने उम्मेदवारको सूचीलाई प्रारम्भिक छनोटमा परेका उम्मेदवारको सूचीको रूपमा प्रकाशित गरिने छ । प्रारम्भिक छनोटको चरणमा उम्मेदवारको प्राप्ताङ्क प्रकाशित गरिने छैन ।

(२) प्रारम्भिक छनोटमा परेका उम्मेदवारलाई आवेदनमा उल्लेख भएको इमेल ठेगाना मार्फत पनि सूचना गरिनेछ ।

... तथा कार्यकारी परिषद्को सचिवालय

२.४ अन्तर्वार्ताको व्यवस्था

(१) उम्मेदवारहरूको प्रारम्भिक छनोटको निर्णय भएको घटिमा १५ दिनपछि र बढीमा सामान्यतया ३ महिना भित्र आयोगले व्यवस्था गरेको मितिमा र आयोगले व्यवस्था गरेको विधिबाट उम्मेदवारहरूलाई अन्तर्वार्ताको लागि सूचना उम्मेदवारहरूको इमेल ठेगाना मार्फत् तथा सार्वजनिक सूचना मार्फत जारी गरिनेछ।

(२) अन्तर्वार्ताको लागि प्रत्यक्ष विधि वा आवेदकले अनुरोध गरी आयोगले व्यवस्था गरेमा दूर विधि समेतको प्रयोग गर्न सकिनेछ ।

(३) अन्तर्वार्ताको प्रक्रिया र मूल्याङ्कन अनुसूची ४ मा तोकिए अनुसार हुनेछ ।

२.५ सिफारिसको प्रक्रिया

(१) सबै पदको लागि उम्मेदवारको सिफारिसको प्रक्रिया परिच्छेद ४ मा तोकिए बमोजिम हुनेछ ।

(२) सेवा आयोगमा दाखिला भइसकेका आवेदन र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन तर आवेदन फारामसँगै दाखिला भएका अनुसन्धानात्मक र अन्य कृतिहरू नतिजा प्रकाशन भएको ४५ दिन पश्चात सम्बन्धित आवेदकलाई फिर्ता दिन सकिनेछ । कृति फिर्ता दिन थालिएको समय देखि १ महिना भित्र आफ्ना कृतिहरू फिर्ता लगि सक्नुपर्नेछ ।

२.६ स्तराङ्कन सम्बन्धी व्यवस्था

विश्वविद्यालय र अनुसन्धान संस्थाहरू, शोध लेख र लेखकको स्तराङ्कन यस विनियममा तोकिएको व्यवस्था अनुसार हुनेछ । यस विनियममा तोकिएका स्तराङ्कन पद्धतिका मूल स्रोत, विधि र तथ्याङ्कमा- परिवर्तन भएमा वा अनुपलब्ध भएमा कृति प्रकाशनको समय र विज्ञापन भएको समयको निकटतम हुने गरी उपलब्ध तथ्याङ्क प्रयोग गर्न सकिनेछ ।

परिच्छेद ३

प्रतियोगिता हुने पदहरू र न्यूनतम योग्यता

३.१ अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने खुला प्रतियोगिता प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक पदहरुमा मात्र हुनेछ। उक्त सबै तहका शिक्षकहरूको खुला प्रतियोगिताका निमित्त न्यूनतम शैक्षिक योग्यतामा निम्न अनुसार तोकिएको छ ।

| | |
|---|---|
| प्राध्यापक तथा सह–प्राध्यापक | सम्बन्धित बिषयमा स्नातकोत्तर गरी कुनैपनि बिषयमा विद्यावारिधि/ Doctorate in Medicine (DM)/Master of Surgery (MCh) उपाधि प्राप्त वा सम्बन्धित विषयमा विद्यावारिधि/Doctorate in Medicine (DM)/Master of Surgery (MCh) उपाधि प्राप्त तथा Nature Indexed वा SCImago Journal Ranking Q1 जर्नलमा प्रथम लेखक भई कम्तिमा दुइवटा अनुसन्धान लेख प्रकाशन गरेको । |
| उप–प्राध्यापक | सम्बन्धित बिषयमा स्नातकोत्तर गरी कुनैपनि बिषयमा विद्यावारिधि/ Doctorate in Medicine (DM)/Master of Surgery (MCh) उपाधि प्राप्त वा सम्बन्धित विषयमा विद्यावारिधि/Doctorate in Medicine (DM)/Master of Surgery (MCh) उपाधि प्राप्त तथा Nature Indexed वा SCImago Journal Ranking Q3 वा Q2 वा Q1 जर्नलमा प्रथम लेखक भई कम्तिमा एउटा अनुसन्धान लेख प्रकाशन गरेको । |

३.२ सम्बन्धित विषय भन्नाले बिषयगत क्षेत्र विज्ञापन गरेको पदसँग सम्बन्ध भएको वा बिशेषज्ञता (Specialization) भित्र पर्ने कुनै पनि विषयलाई बुझ्नु पर्दछ ।

३.३ विद्यावारिधि उपाधि विज्ञापन गरेको पदसँग सम्बन्धित बिषय हो वा होइन भन्ने अस्पष्टता भएमा विद्यावारिधि उपाधि प्राप्त गरे पश्चात शिक्षण गरेको वा अनुसन्धान गरेको बिषयगत क्षेत्र विज्ञापन गरेको पदसँग सम्बन्धित छ भने त्यसलाई योग्यता पुगेको मानिने छ ।

३.४ विद्यावारिधि बिषय सम्बन्धमा अस्पष्टता भएमा आयोगले विज्ञापन गरिएको पदसँग सम्बन्धित बिषय समितको अध्यक्ष र २ जना सम्बन्धित विषयका स्वतन्त्र विज्ञ सहितको समिति गठन गरि सुझाव लिन सक्ने छ ।

३.५. विज्ञापन प्रकाशित भइसकेपछि प्राप्त हुने शैक्षिक योग्यता, अनुभव वा सेवा अवधि गणना गरिने छैन ।

## परिच्छेद ४
## सिफारिसको आधार तथा पूर्णाङ्क विभाजन

४.१ अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने खुला प्रतियोगिताको शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगबाट सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन अनुसूची १-४ मा भएको व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम हुनेछ ।

| सूचक | प्राध्यापक | सह–प्राध्यापक | उप–प्राध्यापक | आवश्यक न्युनतम अङ्क |
|---|---|---|---|---|
| १. अनुसन्धान तथा कृति प्रकाशन | १५० (सापेक्षिक अंक) | १५० (सापेक्षिक अंक) | १५० (सापेक्षिक अंक) | प्राध्यापक र सहप्राध्यापक (११२.५ निरपेक्ष अङ्क), उपप्राध्यापक (९७.५ निरपेक्ष अङ्क) |
| २. शिक्षण सेवा/अनुसन्धान कार्य अनुभव | १० | १० | १० | छैन |
| ३. शोध निर्देशन/शोध अनुसन्धान पुरस्कार | २० | २० | २० | छैन |
| ४. अन्तर्वार्ता | २० | २० | २० | वाह्य विशेषज्ञको अङ्कभारको ५० प्रतिशत अङ्क |
| कुल | २०० | २०० | २०० | |

४.२. पूर्णाङ्क विभाजनका सम्बन्धमा अन्य व्यवस्था

शिक्षक पदमा नियुक्तिको लागि सेवा आयोगको प्रतियोगितामा सम्मिलित न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूको देहायका सम्बन्धमा पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ ।

(१) अनुसन्धान तथा कृति प्रकाशनका सम्बन्धमा अनुसूची १ बमोजिम ।

(२) शोध निर्देशन र शोध अनुदान पुरस्कार सम्बन्धमा अनुसूची २ बमोजिम ।

(३) शिक्षण सेवा र अनुसन्धान कार्य अनुभव सम्बन्धमा अनुसूची ३ बमोजिम ।

(४) अन्तर्वार्ता सम्बन्धमा अनुसूची ४ बमोजिम ।

## परिच्छेद ५
## सिफारिस

५.१ योग्यता क्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्था

(१) प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक पदको अनुसन्धानात्मक विशिष्टताका आधारमा गरिने खुला प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्कमा २०० मा प्राध्यापक पदमा ७० प्रतिशत (१४०), सहप्राध्यापक पदमा ६५ प्रतिशत (१३०) र उपप्राध्यापक पदमा ६० प्रतिशत (१२०) भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गरिने छैन ।

(२) प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूका लागि निर्धारित पूर्णाङ्क २०० मा उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यता सूची (Merit list) तयार गरिने र तोकिएको दरबन्दीका आधारमा नतिजा प्रकाशित गरिनेछ । सिफारिसमा परेका प्रत्येक उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क प्रकाशित गरिनेछ ।

(३) अन्तिम नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुलातर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतामा राखी नतिजा प्रकाशित गरिने र त्यसपछि समावेशी तर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्रकाशित गरिने छ । समावेशी अन्तर्गत सर्वप्रथम पिछडिएको क्षेत्रतर्फ सिफारिस हुने उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यस पछि क्रमशः अपाङ्ग, दलित, मधेसी, आदिवासी-जनजाति र महिला वर्ग समूहतर्फको नतिजा प्रकाशित गरिने छ । खुला समूहबाट वा कुनै एक वर्ग-क्षेत्रमा नाम सिफारिस भए पछि अरू वर्ग-समूहबाट निजको नाम स्वतः हटाइने छ ।

(४) समावेशीतर्फ छुटयाइएका पदमा लिखित वा अन्तर्वार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्ता पद खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ ।

(५) आफूले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागे प्रत्येक उम्मेदवारले सेवा आयोग समक्ष पुनर्योगको माग गर्न सक्नेछ । यस्तो माग गर्ने व्यक्ति ले रु. ५००।- (पाँच सय) दस्तुर बुझाएको रसिद सहित नतिजा प्रकाशन भएको मितिले सात दिन भित्र सेवा आयोगमा निवेदन दिनुपर्नेछ । निवेदन दिएको सामान्यतया सात दिन भित्र सेवा आयोगले यस सम्बन्धी कामको किनारा लगाइ सक्नेछ ।

५.२ प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा अनुसन्धान तथा कृति मूल्याङ्कनमा प्राप्त गरेको कूल अङ्कको आधारमा योग्यताक्रमं सूची निर्धारण गरिनेछ । सो पनि बराबर भएमा शिक्षण/अनुसन्धान अनुभवको बढी अङ्क प्राप्त गरेको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ । सो पनि बराबर भएमा अन्तर्वार्तामा प्राप्त गरेको बढी अङ्कको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

५.३ वैकल्पिक उम्मेदवारको व्यवस्थाः (१) कुनै पदको लागि सिफारिसमा पर्ने उम्मेदवारको योग्यताक्रम सूची प्रकाशित गर्दा त्यस्तो पदका अन्तर्वार्तामा सहभागी भएका तर सिफारिसमा नपरेका बाँकी सबै उम्मेदवारलाई वैकल्पिक सूचिमा राख्नु पर्नेछ ।

(२) वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यताक्रमानुसार सिफारिस गरिनेछ ।

(क) सिफारिस गरिएको उम्मेदवारको नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियुक्तिपत्र नलिएमा वा तर नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारले केन्द्रीय कार्यालयमा आफु उपस्थित भई नियुक्ति नलिने बेहोराको निवेदन पेस गरी सनाखत गरेमा यस खण्ड बमोजिमको अवधि ननाघे पनि वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्न सकिनेछ ।

(ख) नियुक्ति बुझेर पनि ३५ दिन भित्र सम्बन्धित निकायमा हाजिर हुन नगएमा ।

(ग) नियुक्तिका लागि सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिइ वा निजको माथिल्लो पदमा नियुक्ति भई वा अन्य जुनसुकै कारणबाट एक वर्ष भित्र (कार्यकारी परिषद्बाट नियुक्ति दिने निर्णय भएको एक वर्ष भित्र) उक्त पद रिक्त हुन आएमा ।

५.४ वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नु पर्दा देहाय बमोजिम हुनेछ ।

(क) जुन समूह वा वर्गमा रिक्त हुन आएको पद हो सोही वर्ग वा समूहको पदमा वैकल्पिकको लागि सूची प्रकाशित गरेको भए सोही समूह वा वर्गको वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिनेछ ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै एक समावेशी समूहमा वैकल्पिक उम्मेदवार नभएमा अर्को समावेशी समूहको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बैकल्पिक उम्मेदवारबाट नियुक्त गर्न सकिनेछ ।

(ग) समावेशीको कुनै पनि समूहबाट बैकल्पिक उम्मेदवार नभएमा खुला समूहबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बैकल्पिक उम्मेदवारबाट नियुक्त गर्न सकिनेछ ।

(घ) खुला समूहबाट बैकल्पिक उम्मेदवार नभएमा समावेशी समूहबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बैकल्पिक उम्मेदवारबाट नियुक्त गर्न सकिनेछ ।

## परिच्छेद ६
## विविध

६.१ यस विनियम अनुसार विज्ञापन भएको पदमा आवेदन दिनेले आफ्नो योग्यता र अनुभवको सम्बन्धमा पेस गर्ने प्रमाणपत्र र प्रमाणित आधिकारिक पत्रको हकमा सम्बन्धित संस्थाले प्रदान गरेको प्रमाणपत्र, आधिकारिक पत्र वा आधिकारिक ठेगानाबाट र अधिकार प्राप्त अधिकारीबाट प्राप्त इमेल पत्रलाई समेत आधिकारिक पत्र र प्रमाण मानिनेछ ।

६.२ सिफारिस बदर हुने अवस्था

(१) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्टा विवरण दिएमा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

(२) यस्ता व्यक्तिलाई भविष्यमा सेवा आयोगबाट लिइने कुनैपनि परीक्षामा सहभागी गराईने छैन । यदि उम्मेदवार त्रिविमा कार्यरत शिक्षक वा कर्मचारी भएमा निजलाई त्रिवि नियमानुसार विभागिय कारवाहीका लागि त्रिवि कार्यकारी परिषदमा सिफारिस गरि पठाइने छ ।

(३) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचूक भई पहिले सिफारिस वा नियुक्ति समेत भैसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

६.३ प्रतियोगितामा सहभागी हुन नपाउने अवस्था

देहायका अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने खुला प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन ।

(१) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

(३) गैरनेपाली नागरिक ।

(४) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको भनी आधिकारिक रूपमा प्रमाणित व्यक्ति ।

(५) प्राध्यापक र सहप्राध्यापक पदको प्रतियोगितामा विज्ञापन प्रकाशित भएको मिति सम्म ५० वर्ष नाघेको व्यक्ति । उपप्राध्यापक पदको प्रतियोगितामा विज्ञापन प्रकाशित भएको मिति सम्म ४५ वर्ष नाघेको व्यक्ति।

(६) जाल साजी (Fabrication), तथ्याङ्क तोडमरोड (Falsification) र साहित्यिक चोरी (Plagiarism) जस्ता अनुसन्धान अनाचरण (Research misconduct) को कसूर गरेको प्रमाणित भएको व्यक्ति ।

६.४ विशेष प्राविधिक व्यवस्थापन गर्न पाउने

यस विनियमको कार्यान्वयनका लागि आवेदन फारामको नयाँ ढाँचा बनाउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय मिडियामा विशेष बिज्ञापन र सञ्चार गर्ने, अनलाइन आवेदन प्रणालीको व्यवस्था गर्ने, आवश्यकता अनुसार दूरविधिबाट अन्तर्वार्ता लिने व्यवस्था गर्ने लगायतका विशेष प्राविधिक व्यवस्था गर्ने अधिकार आयोगलाई हुनेछ ।

६.५. अन्य विनियमको व्यवस्था लागु हुने

यस विनियममा स्पष्ट उल्लेख नभएको अवस्थामा अन्य विनियममा भएको व्यवस्था लागु हुने छ ।

६.६. खारेजी र बचाउ

(१) त्रिभुवन विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिताद्वारा शिक्षकहरूको नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०७६ खारेज गरिएको छ ।

(२) यो विनियम लागू हुनु भन्दा पहिले भएका विज्ञापनहरूका सम्बन्धमा कार्य सम्पन्न नभएसम्म उपनियम (क) मा उल्लिखित प्रक्रियाहरू लागू हुनेछन् ।

६.६ व्याख्या र वाधा अड्काउ फुकाउने व्यवस्था

(१) यस शिक्षक नियुक्ति सिफारिस विनियममा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सेवा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

(२) यो विनियमको अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

## अनुसूची १
## अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

१.१ विभिन्न पदका लागि निर्धारित अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन यसै अनुसूचीको द्रष्टव्य र अनुसूची १.२ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम हुनेछ ।

| विवरण | प्राध्यापक | | सह–प्राध्यापक | | उप–प्राध्यापक | |
|---|---|---|---|---|---|---|
| | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क |
| १. विज्ञ समीक्षित अन्तराष्ट्रिय जर्नलमा प्रकाशित लेख र पेटेन्ट दर्ता | | | | | | |
| १.१ Nature Index Journals | १६ | असिमित | ३२ | असिमित | ४८ | असिमित |
| १.२ SCImago Journal Ranking Q1 | १२ | | २४ | | ३६ | |
| १.३ SCImago Journal Ranking Q2 | ११ | | २२ | | ३३ | |
| १.४ SCImago Journal Ranking Q3 | १० | | २० | | ३० | |
| १.५ SCImago Journal Ranking Q4 | ९ | | १८ | | २७ | |
| १.६ पेटेन्ट दर्ता | १४ | | २८ | | ४२ | |
| २. विज्ञ समीक्षित अन्य जर्नलमा प्रकाशित लेख | | | | | | |
| २.१ अन्य अन्तराष्ट्रिय जर्नल र AJOL/INSAP Journal Publishing Practices and Standards (JPPS) star rated जर्नल | ४ | २० | ८ | २० | १२ | ३६ |
| २.२ अन्य मान्य विज्ञ समीक्षित राष्ट्रिय जर्नल | २ | ८ | ४ | ८ | ६ | १२ |
| ३. अनुसन्धान पुस्तक तथा Book Chapter | | | | | | |
| ३.१ तोकिएका कुनै एक प्रकाशकहरुको अन्तराष्ट्रिय संस्थामा आवद्ध रहेको प्रकाशक वाट प्रकाशित अनुसन्धान पुस्तक | ४ | १२ | ६ | १२ | १२ | १२ |
| ३.२ तोकिएका कुनै एक प्रकाशकहरुको अन्तराष्ट्रिय संस्थामा आवद्ध रहेको प्रकाशक वाट प्रकाशित पुस्तकको Book Chapter | २ | ८ | ४ | ८ | ८ | ८ |
| ४. लेखकको अनुसन्धान प्रभाव (Author H-index) | २ | २० | ३ | २० | ४ | २० |
| अन्तिम प्राप्ताङ्क (सापेक्षीक) | निरपेक्ष १५० प्राप्ताङ्क भन्दा माथिका प्राप्ताङ्कहरु मध्ये अधिकतम प्राप्ताङ्कलाई १५० बरावर मानी सापेक्षीकताको सूत्र अनुसार प्राप्त अंक | | | | | |

द्रष्टब्य:

(१) आवेदित पद र विषयसँग सम्वन्धित कृतिहरु र पेटेन्ट मात्र मूल्याङ्कन गरिने छ । उम्मेदवारले पेस गरेका कृति तथा पेटेन्ट आवेदित पदसँग सन्वन्धित हुन् वा होइनन् स्पष्ट नभएमा कृति मूल्याङ्कन समितिको निर्णय अन्तिम हुनेछ ।

(२) विज्ञापन भएको मितिले १० बर्ष अगाडि सम्म प्रकाशित कृति मात्र मूल्याङ्कन गरिने छ ।

(३) Nature Index Journal को सूची www.natureindex.com मा उपलब्ध भए अनुसार हुनेछ । सूची परिवर्तन भएमा आवेदनका लागि विज्ञापन जारी गरिएको मितिमा उपलब्ध सूची मान्य हुनेछ । आयोगले सो मितिमा उपलब्ध सूचीको अभिलेख राख्नु पर्नेछ ।

(४) तोकिएको प्रकाशकहरुको अन्तराष्ट्रिय संस्था भन्नाले Association of University Presses (https://aupresses.org) र International Association of Scientific, Technical and Medical Publishers (https://stm-assoc.org/) मा आवद्ध प्रकाशकहरु लाई जनाउने छ ।

(५) आवेदकले SCImago Journal Ranking (SJR) को Quartile (Q1, Q2, Q3, Q4) उल्लेख गर्दा आवेदन दिएको मितिमा www.scimagojr.com मा सम्बन्धित जर्नलको विस्तृत जानकारी भएको वेब पृष्ठमा उपलब्ध भएको अभिलेख बमोजिम उल्लेख गर्नु पर्नेछ । सम्बन्धित जर्नलमा लेख प्रकाशन भएको वर्ष वा SJR तथ्याङ्क उपलब्ध भएको निकटतम वर्षको र यदि एकै जर्नलको फरक फरक विषय समूह (subject category) मा फरक फरक SJR उपलब्ध भएमा शोध लेखको सामाग्री अनुसार निकटतम विषय समूहको SJR उल्लेख गर्नु पर्नेछ । आयोगले मूल्याङ्कन गर्दा मूल्याङ्कन गर्ने मितिमा उक्त तथ्याङ्क बदलिएको रहेछ भने विज्ञापन हुँदाको मितिको तथ्याङ्कलाई मान्यता दिइने छ ।

(६) पेटेन्ट दर्ताको अङ्क पाउनको लागि पेटेन्ट दर्ताको अभिलेखको वेब लिङ्क (URL) र अभिलेखको प्रतिलिपि पेस गर्नुपर्नेछ । पेटेन्ट अभिलेखमा उल्लिखित सबै आविष्कारकर्ताको लागि तोकिए बमोजिमको समान अङ्क दिइनेछ ।

(७) AJOL/INASP Journal Publishing Practices and Standards (JPPS) को star rating को लागि आवेदन दिएको मितिमा www.nepjol.info www.nepjol.in वा www.journalquality.info मा उपलब्ध भएको अभिलेख अनुसार JPPS रेटिङ उल्लेख गर्नु पर्नेछ । आयोगले मूल्याङ्कन गर्दा मूल्याङ्कन गर्ने मितिमा उक्त तथ्याङ्क बदलिएको रहेछ भने विज्ञापन हुँदाको मितिको तथ्याङ्कलाई मान्यता दिइने छ ।

(८) विज्ञ समीक्षित राष्ट्रिय जर्नल भन्नाले विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयको केन्द्रीय अङ्ग (केन्द्रीय कार्यालय, अध्ययन संस्थान र सङ्काय, अनुसन्धान केन्द्र) बाट प्रकाशित, राष्ट्रिय कृषि अनुसन्धान परिषद्, राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठान लगायत राष्ट्रिय अनुसन्धान संस्थाहरू (National Research Institutions), Nepali Journals Online (NepJol) डाटाबेसमा समावेश सबै जर्नललाई बुझ्नुपर्नेछ । विश्वविद्यालय अनुदान आयोगले मान्यता प्राप्त राष्ट्रिय जर्नलको सूची नतोकेको वा सूचीमा छुट हुन गएका जर्नलहरुको हकमा आयोगले निर्णय गरे बमोजिम हुने छ ।

(९) Author H-index भन्नाले उमेदवारले आवेदन दिने बर्षमा उसले प्राप्त गरेका H-index बुझिने छ ।

(१०) निरपेक्ष अङ्क भन्नाले कुनै एक आवेदकको कृतिको सङ्ख्या र प्रति एकाइ अङ्क गुणन गरी आएको अङ्क वा त्यस्तो अङ्कहरूको सामान्य योगफल भन्ने बुझ्नुपर्दछ । सापेक्षिक अङ्क भन्नाले प्रतियोगितामा सम्मिलित आवेदकहरूको कुल प्राप्ताङ्कहरू मध्ये अनुसन्धान तथा कृति प्रकाशनका लागि तोकिएको पूर्णाङ्क भन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने उम्मेदवारहरूका प्राप्ताङ्कहरू मध्ये अधिकतम प्राप्ताङ्कलाई पूर्णाङ्क प्राप्ताङ्क बराबर गराउने सूत्रद्वारा समानुपातिक गरिएको सापेक्षिक अङ्क बुझ्नुपर्दछ ।

(११) प्राध्यापक र सह–प्राध्यापक पदका लागि सापेक्षिक अङ्क निर्धारण गर्ने सूत्र देहाय बमोजिम हुनेछ ।

(क) सर्वप्रथम प्रत्येक आवेदकले अनुसन्धान तथा कृति प्रकाशनको सबै महलमा प्राप्त गरेको प्राप्ताङ्क जोडेर आएको निरपेक्ष कूल प्राप्ताङ्कहरूको सूची तयार गर्ने र ११२.५ अङ्क भन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने उम्मेदवारलाई प्रतियोगिताबाट हटाउने ।

(ख) अनुसन्धान तथा कृति प्रकाशनमा ११२.५ र सो भन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्ये सर्वाधिक प्राप्ताङ्क गर्ने उम्मेदबारको निरपेक्ष प्राप्ताङ्क नोट गर्ने र सबै उम्मेदवारहरुको निरपेक्ष प्राप्ताङ्कलाई देहायको सुत्र प्रयोग गरी सापेक्षिक अङ्कमा परिवर्तन गर्ने ।

$$\text{सापेक्षिक अङ्क} = ३७.५ \times \frac{\text{निरपेक्ष प्राप्ताङ्क} - ११२.५}{\text{सर्वाधिक निरपेक्ष प्राप्ताङ्क} - ११२.५} + ११२.५$$

उदाहरणको लागिः

कुनै एक पदका लागि ४ आबेदन परेको र अनुसन्धान तथा कृति प्रकाशनको महलमा उमेदवार-१, उम्मेदवार-२, उमेदवार-३, र उम्मेद्वार-४ ले निरपेक्ष कुल प्राप्ताङ्कहरू क्रमशः ११०, ११२.५, १३० र २०० प्राप्त गरेका अवस्थामा चार उम्मेदवारको सापेक्षिक प्राप्ताङ्क यस प्रकारको हुनेछः उमेदवार-१ ले न्यूनतम ग्राह्य अङ्क ११२.५ भन्दा कम अङ्क प्राप्त गरेकाले प्रतियोगिताबाट बाहिर हुनेछ, उमेदवार-४ ले सर्वाधिक अङ्क प्राप्त गरेकाले त्यस बापत सापेक्षिक अङ्क १५० प्राप्त गर्नेछ ।

उम्मेदवार-२, उम्मेदवार-३ र उम्मेदवार-४ को सापेक्षिक अङ्क माथि तोकिएको सूत्रद्वारा यसरी निर्धारण हुनेछः

$$\text{उमेदवार-२ को सापेक्षिक अङ्क} = ३७.५ \times \frac{११२.५ - ११२.५}{२००-११२.५} + ११२.५ = ११२.५$$

$$\text{उमेदवार- ३ को सापेक्षिक अङ्क} = ३७.५ \times \frac{१३०-११२.५}{२००-११२.५} + ११२.५ = १२०$$

$$\text{उमेदवार- ४ को सापेक्षिक अङ्क} = ३७.५ \times \frac{२००-११२.५}{२००-११२.५} + ११२.५ = १५०$$

(१२) उप्राध्यापक पदका लागि सापेक्षिक अङ्क निर्धारण गर्ने सूत्र देहाय बमोजिम हुनेछ ।

(क) सर्वप्रथम प्रत्येक आवेदकले अनुसन्धान तथा कृति प्रकाशनका सबै महलमा प्राप्त गरेको प्राप्ताङ्क जोडेर आएको निरपेक्ष कूल प्राप्ताङ्कहरूको सूची तयार गर्ने र ९७.५ अङ्कभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने उम्मेदवारलाई प्रतियोगिताबाट हटाउने ।

(ख) अनुसन्धान तथा कृति प्रकाशनमा ९७.५ र सो भन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्ये सर्वाधिक प्राप्ताङ्क गर्ने उम्मेदबारको निरपेक्ष प्राप्ताङ्क नोट गर्ने र सबै उम्मेदवारहरुको निरपेक्ष प्राप्ताङ्कलाई देहायको सुत्र प्रयोग गरी सापेक्षिक अङ्कमा परिवर्तन गर्ने ।

$$\text{सापेक्षिक अङ्क} = ५२.५ \times \frac{\text{निरपेक्ष प्राप्ताङ्क} - ९७.५}{\text{सर्वाधिक निरपेक्ष प्राप्ताङ्क} - ९७.५} + ९७.५$$

उदाहरणको लागिः

कुनै एक पदका लागि ४ आबेदन परेको र अनुसन्धान तथा कृति प्रकाशनको महलमा उम्मेदवार-१, उम्मेदवार-२, उम्मेदवार-३, र उम्मेदवार-४ ले निरपेक्ष कुल प्राप्ताङ्कहरू क्रमशः ९०, ९७.५, १३० र २०० प्राप्त गरेको अवस्थामा चार उम्मेदवारको सापेक्षिक प्राप्ताङ्क यस प्रकारको हुनेछः उमेदवार-१ ले न्यूनतम ग्राह्य अङ्क ९७.५ भन्दा कम अङ्क प्राप्त गरेकोले प्रतियोगिताबाट बाहिर हुनेछ, उमेदवार-४ ले सर्वाधिक अङ्क प्राप्त गरेकोले त्यस बापत सापेक्षिक अङ्क १५० प्राप्त गर्नेछ ।

उम्मेदवार-२, उम्मेदवार-३ र उम्मेदवार-४ को सापेक्षिक अङ्क माथि तोकिएको सूत्रद्वारा यसरी निर्धारण हुनेछः

$$\text{उमेदवार- २ को सापेक्षिक अङ्क} = ५२.५ \times \frac{९७.५ - ९७.५}{२००-९७.५} + ९७.५ = ९७.५$$

$$\text{उमेदवार- ३ को सापेक्षिक अङ्क} = ५२.५ \times \frac{१३०-९७.५}{२००-९७.५} + ९७.५ = ११४.१४$$

$$\text{उमेदवार- ४ को मापेक्षिक अङ्क} = ५२.५ \times \frac{२००-९७.५}{२००-९७.५} + ९७.५ = १५०$$

१.२ अनुसन्धान तथा कृति प्रकाशनका सम्बन्धमा थप अन्य व्यवस्था

(१) अनलाइन आवेदनको व्यवस्था भएमा आवेदन फाराममा तोकिए बमोजिमको कृति वा कृतिको प्रमाण र विवरण खुल्ने सूचनाहरू तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ । आयोगको कार्यालयमा आवेदन बुझाउने व्यवस्था भएमा पुस्तकको हकमा एक प्रति पुस्तक र शोधलेख र पेटेन्टको हकमा निम्नलिखित विवरण खुल्ने गरी शोधलेखको प्रथम पृष्ठ वा आवश्यक अन्य पृष्ठहरू वा शोधलेखको सम्पूर्ण पृष्ठहरूको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

खुल्नु पर्ने विवरणः

शोधलेखको Digital Object Identifier (DOI) भए सो समेत उल्लेख गरी जर्नलको नाम, जर्नलको भोल्यूम, इस्यु र शोधलेखको पृष्ठ सङ्ख्याहरू, शोधलेखको शीर्षक, लेखकहरूको नाम, लेखकहरू आबद्ध भएको संस्थाको नाम र ठेगाना, सम्पर्क लेखकको नाम र सम्पर्क, शोधलेखको आब्स्ट्राक्ट, कीवर्डस्र जर्नलको आधिकारिक वेबसाइट वा जर्नललाई सूचीकरण (indexing) गरिएको डाटा बेसमा शोधलेखको विवरण राखिएको वेबपेजको URL लिङ्क ।

(२) पूर्णलम्बाइ (Full length) को मौलिक अनुसन्धान लेख (Original research article), आमन्त्रित समीक्षा लेख (Invited review article) र Systematic Review/Scoping Review लाई मात्र अनुसन्धान लेखको अङ्क दिइनेछ । जहाँसुकै प्रकाशन भएको भएता पनि Case report (s), Images in Medicine (one page article with images), Letter to the editor, Editorial, Erratum, Narrative review (reviews done without following PRISMA or similar well accepted guidelines),Technical notes, Abstracts of proceedings or conferences, Announcement of trial protocols, Preliminary, feasibility or pilot studies, Conference Reports हरू मूल्याङ्कन गरिने छैन ।

द्रष्टव्यः समीक्षा लेख भन्नाले शोधलेखको प्रकार बुझ्नुपर्दछ । जर्नलको नाम जेसुकै भएपनि अनुसूची १.१ अनुसार योग्य भएका जर्नलका र अनुसूची १.२ (२) अनुसार योग्य मान्य हुने प्रकारका शोध लेख योग्य मानिने छ ।

(३) वैज्ञानिक सम्मेलनका प्रोसीडिङ्मा छापिएका पूर्णलम्बाईका शोधलेखहरू मध्ये SCImago Journal Ranking को Proceeding सङ्ग्रहमा परेकालाई सो प्रोसीडिङ्को SCImago Journal Ranking Quartile अनुसार शोधलेख सरह अङ्क दिइनेछ । SCImago Journal Ranking नभएका प्रोसीडिङ्का पूर्ण लम्बाइका शोधलेखलाई "अन्य मान्य राष्ट्रिय जर्नल" बराबरको अङ्क दिइनेछ । प्रोसीडिङ्मा प्रकाशित भएका आब्स्ट्राक्ट वा सङ्क्षिप्त लेखको मूल्याङ्कन गरिने छैन ।

(४) बहुलेखकको नाममा प्रकाशित अनुसन्धान लेखहरूको मूल्याङ्कन गर्दा प्रथम लेखक (First author) भएमा पूर्णाङ्कको १०० प्रतिशत र अन्य सहलेखकको हकमा सम्पर्क लेखक (Corresponding author) भएमा ५० प्रतिशत बराबर हुन आउने अङ्क र अन्य प्रत्येक सहलेखकलाई दामासाहीले हुन आउने अङ्क प्रदान गरिनेछ ।

(५) अनुसन्धान पुस्तक वा Book Chapter मा बहुलेखक भएमा प्रथम लेखकलाई शत प्रतिशत र सह लेखकहरुलाई पचास प्रतिशत अंक प्रदान गरिने छ ।

(६) विद्यावारिधिको शोध प्रबन्ध पुस्तकका रूपमा प्रकाशित भएपनि सो पुस्तकको कुनै अङ्क दिइने छैन ।

(७) कृति मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

(क) उम्मेदवारले पेस गरेका पुस्तक तथा अनुसन्धान कृतिहरुको सूचि मूल्याङ्कन गर्नुपुर्व नै सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिने र कसैलाई चित्त नबुझेको अवस्थामा निश्चित समयावधि भित्र कारण खोली निवेदन दिन सकिने व्यवस्था आयोगले मिलाउने छ ।

(ख) अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा आयोगले विश्वविद्यालय अनुदान आयोगले उपलब्ध गराएको विशेषज्ञ सूचीमा समावेश विशेषज्ञहरुमध्येबाट सम्बन्धित विषयका कम्तीमा दुई जना विशेषज्ञहरू रहेको समिति गठन गर्नेछ ।

(ग) उम्मेदवारसँग सह लेखक भई कृति प्रकाशन गरेको कुनै व्यक्ति कृति मूल्याङ्कनका लागि विशेषज्ञको रूपमा रहन योग्य हुने छैन । तर कुनै बिषयमा सहलेखक बाहेकको बिशेषज्ञ उपलब्ध हुन नसक्ने अवस्था भएमा निकटतम बिषयको बिशषज्ञबाट कृति मूल्याङ्कन गराइने छ । निकटतम बिषयको विशेषज्ञ समेत उपलब्ध नहुने अवस्थामा दुईजना विशेषज्ञले संयुक्त रूपमा कृतिको अङ्क प्रदान गर्ने गरी सहलेखकलाई पनि कृति मूल्याङ्कनमा सहभागी गराउन सकिने छ ।

(घ) कृति मूल्याङ्कन गर्नुपुर्व उम्मेदवारले पेस गरको पुस्तक तथा अनुसन्धान कृतिहरुको सम्बन्धमा प्राप्त उजुरीसमेतको आधारमा कृतिहरु मूल्याङ्कन हुन योग्य छन् छैनन्, कृतिसाथ पेस गरेको आधारहरु र प्रमाणहरु पर्याप्त छन् छैनन् राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरु Peer Reviewed हुन् होइनन्, उक्त जर्नलहरु SCImago Journal वा Nature Indexed Journal हुन् होइनन् भन्ने लगायतका विषयमा विशेषज्ञहरु सम्मिलित संयन्त्र समितिबाट यकीन भएपछि मात्र उम्मेदवारले पेस गरका पुस्तक तथा अनुसन्धान कृतिहरुको मूल्याङ्कन प्रकृया अगाडि बढाइने छ । यस प्रयोजनका लागि आवश्यक प्रक्रिया आयोगले आफै तोक्ने छ ।

(ङ) छानविन भएर मूल्याङ्कन योग्य भएका कृतिहरुमा अंक प्रदान गर्दा प्रत्येक कृतिमा अनुसूची १ को १.१ मा तोकिए बमोजिमको अङ्क प्रदान गरिने छ ।

(८) ललितकला, संङ्गीत आदि विषयमा सम्बन्धित व्यक्तिले सिर्जना गरेको कला/सङ्गीत आदि कार्यको मूल्याङ्कन सेवा आयोगले विशेषज्ञ समेत रहेको मूल्याङ्कन समितिबाट गराउनेछ ।

(९) विज्ञापन प्रकाशित हुनुभन्दा पहिले नै प्रकाशित अनुसन्धान कृति मात्र मूल्याङ्कन गरिने छ ।

(१०) आवेदकले आफ्ना कृतिहरुलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका लागि पेस गरेको छ सोही प्रकार अन्तर्गत रहेर मात्र अङ्कन गरिने छ । आवेदकले माग गरे भन्दा भिन्न प्रकारमा गएर कुनैपनि कृतिको मूल्याङ्कन गरिने छैन । तर SCImago Journal Ranking (SJR) का हकमा लेखकले पेस गरेको Quartile (Q1, Q2, Q3, Q4) रुजु गर्दा फरक परेमा मूल्याङ्कन समितिले Quartile सच्याएर अङ्क प्रदान गर्न सक्ने छ।

(११) आवेदकले आवेदन फाराम सँगै पेस गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फाराम का साथै तोकिए बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेस गर्नु पर्नेछ ।

(१२) लेखकको अनुसन्धान योगदानमा आधारित अनुसन्धानात्मक पुस्तकलाई मात्र मूल्याङ्कनमा समावेश गरिनेछ ।

मन्त्रिपरिषद् तथा कार्यकारी परिषद्को सचिवालय

(१२) पुस्तकमा स्पष्ट रूपमा प्रथम संस्करण मिति र प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनु पर्नेछ । प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरूको मूल्याङ्कन गरिने छैन ।

(१३) विद्यार्थीले गरेको स्नातक, स्नातकोत्तर, दर्शनाचार्य वा विद्यावारिधि तहको dissertation अनुसन्धानबाट सुपरभाइजर प्रथम लेखक भई लेख प्रकाशन गरेको पाइएमा उक्त लेखको मूल्याङ्कन गरिने छैन ।

(१४) विज्ञान तथा प्रविधि, चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि तथा पशुविज्ञान र बन विज्ञान विषयसँग सम्बन्धित पदहरुका लागि २० प्रतिशत र मानविकि तथा सामाजिकशास्त्र, शिक्षाशास्त्र, व्यवस्थापन, र कानून विषयसँग सम्बन्धित का पदहरुका लागि १० प्रतिशत भन्दा बढी प्लेजारिजम (Similarity Index) भएका कृतिहरुको मूल्याङ्कन गरिने छैन । उमेदवारले आफ्ना कृतिहरुको प्लेजारिजम परीक्षण प्रमाणपत्र पेस गर्न सक्ने छन् । प्रमाणपत्र पेस नगरेका कृतिहरुको प्लोरिजम परीक्षण मापदण्डभित्र रहेको स्वघोषणा गर्नुपर्नेछ । कुनै कृति मापदण्डभन्दा बढी प्लेजारिजम भएको छ भनी उजुरी परेमा आयोगले परीक्षण गराउनेछ । परीक्षण गराउँदा विश्वविद्यालयले तोकेको मापदण्डभन्दा बढी प्लेजारिजम भएका कृतिहरुको मूल्याङ्कन गरिने छैन । यदि यस्ता कृति भूल्याङ्कन भई उमेदवार नियुक्तिका लागि सिफारिस भएको वा नियुक्ति लिइसकेको भए पनि कुनैपनि वेला सिफारिस र नियुक्ति समेत रद्द गर्न सकिने छ ।

(१५) जर्नलको एक अङ्क (Volume) बाट एक उम्मेदवारको प्रथम लेखक भइ प्रकाशित एउटा लेख मात्र मूल्याङ्कन हुनेछ ।

(१६) Predatory/Scam Publisher ले प्रकाशन गरेका जर्नल र पुस्तकहरुलाई मूल्याङ्कन गरिने छैन । Predatory/Scam Publisher हो होइन यकिन गर्न https://predatoryjournals.com/journals/ मा प्रकाशित सूची तथा जर्नलको peer review process, publication timelines, copyright infringement, plagiarism आदि समेतलाई आधार बनाइनेछ ।

(१७) ISBN नभएको पुस्तक तथा ISSN नभएको जर्नलको मुल्याङ्कन गरिन छैन । आयोगले ISBN / ISSN रुजु गर्दा फरक परेमा त्यस्तो कृति मूल्याङ्कन बाट हटाइने छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा आयोग

## अनुसूची २
## शोध निर्देशन र शोध अनुदान पुरस्कार वापतको अङ्क

२.१ शोध निर्देशन र शोध अनुदान पुरस्कारवापतको प्राध्यापक, सहप्राध्यापक / उप-प्राध्यापक पदको निर्धारित २० पूर्णाङ्क देहाय बमोजिम हुनेछ ।

| | प्राध्यापक | | सहप्राध्यापक- | | उप-प्राध्यापक | |
|---|---|---|---|---|---|---|
| | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क | प्रति एकाइ अङ्क | अधिकतम अङ्क |
| १ शोध निर्देशन अङ्क | | | | | | |
| शोध निर्देशन (विद्यावारिधि) | ४ | २० | १० | २० | २० | २० |
| २ शोध अनुदान .प्राप्त गरेको | | | | | | |
| क वर्ग<br>विदेशी दातृ संस्थाबाट प्राप्त भई २ वर्ष वा बढीको लागि तोकिएको शोध परियोजनार्थ<br><br>ख वर्ग<br>विदेशी दातृ संस्थाबाट १ वर्षको शोध परियोजनार्थ | ५ | २० | १० | २० | २० | २० |
| ग वर्ग<br>स्वदेशी दातृसंस्थाबाट प्राप्त भई २ वर्ष वा बढीको लागि तोकिएको शोध परियोजनार्थ | २.५ | १० | ५ | १० | १० | १० |
| घ वर्ग<br>स्वदेशी दातृसंस्थाबाट प्राप्त भई १ वर्ष वा कम समय वा समय नतोकिएको शोध परियोजनार्थ अधिकतम | २.५ | १० | ५ | १० | १० | १०. |

त्रिवि सभा तथा कार्यकारी परिषद्को सचिवालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | ५ | २.५ | ५ | ५ | ५ |
| अधिकतम अङ्क | | २० | | २० | | २० |

२.२ शोध निर्देशनको अङ्क प्राप्त गर्नको लागि शोध प्रबन्धको प्रमाण (DOI भए सो र कुनै repository मा सङ्ग्रहित भए सो को लिङ्क वा शोध प्रबन्धको बाहिरी पृष्ठ देखि शोधसार सम्मको पृष्ठहरूको प्रतिलिपि) तथा सो शोध प्रबन्धमा आधारित कम्तीमा एउटा शोधलेख यस विनियममा तोकिएका कुनैपनि विज्ञ समीक्षित जर्नलमा प्रकाशित भएको प्रमाण पेस गर्नुपर्नेछ। विज्ञ समीक्षित जर्नलमा शोधलेख प्रकाशित नभएको शोधप्रबन्धको हकमा शोधप्रबन्ध निर्देशन गरे बापत अङ्क दिइने छैन।

२.३ शोध निर्देशनका लागि प्रमुख सुपरीवेक्षकले तोकिए बमोजिमको अङ्क र सह-सुपरीवेक्षकले प्रमुख सुपरीवेक्षकलाई तोकिएको अङ्कको आधा बराबर अङ्क पाउनेछन्।

२.४ शोध अनुदान पुरस्कार भन्नाले दातृसंस्थामा शोध प्रस्ताव पेस गरी दातृसंस्थाले प्रस्ताव अनुसारको शोधपरियोजनाको लागि प्रदान गरेको अनुदान बुझ्नुपर्दछ। शैक्षिक उपाधि, अध्ययन वा भ्रमणको लागि प्राप्त वृति वा सहयोगलाई शोधअनुदानको रूपमा गणना गरिने छैन। शोध प्रस्ताव पेस नगरी प्राप्त गरेको पुरस्कार वा कुनै शोध परियोजना नतोकी प्रदान गरिएको पुरस्कारको लागि अङ्क दिइने छैन।

२.५ शोधअनुदान पुरस्कारका लागि तोकिएको अङ्कमा प्रमुख अन्वेषकले शत प्रतिशत अङ्क र सह-अन्वेषकले पचास प्रतिशत अङ्क पाउनेछन्।

२.६ शोधअनुदान पुरस्कारको अङ्कको लागि शोधअनुदानको प्रमाणपत्र वा सो प्रमाणित हुने आधिकारिक पत्र वा शोधपरियोजनाको अन्तिम प्रतिवेदनबाट समय अवधि खुल्ने भए सो लाई प्रमाणका रूपमा पेस गर्न सकिनेछ।

२.७ नाफामूलक परामर्शदातृ संस्था (Consultancy) मार्फत गरेको शोध अनुसन्धान पुरस्कार मान्य हुने छैन।

## अनुसूची ३
## शिक्षण सेवा र अनुसन्धान कार्य अनुभव वापतको अङ्क

३.१ शिक्षण सेवा र अनुसन्धान कार्य अनुभव बापतको प्राध्यापक, सहप्राध्यापक र उप-प्राध्यापक पदको निर्धारित २० पूर्णाङ्क देहाय बमोजिम हुनेछ।

| विश्वविद्यालय / अनुसन्धान संस्थाको स्तर | प्राध्यापक | | सहप्राध्यापक- | | उप-प्राध्यापक | |
|---|---|---|---|---|---|---|
| | प्रति वर्ष अङ्क | अधिकतम अङ्क | प्रति वर्ष अङ्क | अधिकतम अङ्क | प्रति वर्ष अङ्क | अधिकतम अङ्क |
| क-श्रेणी<br>उत्कृष्ट विश्वविद्यालय १-१००<br>उत्कृष्ट सरकारी अनुसन्धान केन्द्र १-५०<br>उत्कृष्ट कर्पोरेट अनुसन्धान संस्था १-२५ | ३ | १० | ६ | १० | ९ | १० |
| ख-श्रेणी<br>उत्कृष्ट विश्वविद्यालय १०१-५००<br>उत्कृष्ट सरकारी अनुसन्धान केन्द्र ५१-१००<br>उत्कृष्ट कर्पोरेट अनुसन्धान संस्था २६-५० | २ | | ४ | | ६ | |
| ग-श्रेणी<br>उत्कृष्ट विश्वविद्यालय ५०१-१०००<br>उत्कृष्ट सरकारी अनुसन्धानकेन्द्र १०१-१५०<br>उत्कृष्ट कर्पोरेट अनुसन्धान संस्था ५१-१०० | १ | | २ | | ३ | |
| घ-श्रेणी<br>अन्य सबै विश्वविद्यालय, राष्ट्रिय अनुसन्धान केन्द्र, कर्पोरेट अनुसन्धान संस्था र गैरसरकारी अनुसन्धान संस्था | ०.५ | | १ | | २ | |

द्रष्टव्यः

(१) कुनै विश्वविद्यालयको श्रेणी निर्धारण गर्दा विज्ञापन गरिएको वर्षको Academic Ranking of World Universities (ARWU), Times Higher Education World Universities Ranking का आधारमा जुन स्तराङ्कनबाट अधिक उत्कृष्ट श्रेणीको देखिन्छ, सोही स्तराङ्कनको आधारमा निर्धारण गरिनेछ।

(२) सरकारी अनुसन्धान केन्द्रको श्रेणी निर्धारण गर्दा विज्ञापन गरिएको वर्षको Nature Index (Global region, Government Sector) को अभिलेख अनुसार गरिनेछ।

(३) कर्पोरेट अनुसन्धान संस्थाको श्रेणी निर्धारण गर्दा विज्ञापन गरिएको वर्षको Nature Index (Global region, Corporate Sector) को अभिलेख अनुसार गरिनेछ।

३.२ कार्यअनुभवका लागि सम्वन्धित संस्थाले प्रदान गरेको नियुक्ति पत्र, कार्य पुरा गरेको प्रमाणपत्र वा सो प्रमाणित हुने आधिकारिक पत्र चाहिनेछ। आवेदकले अनुभवको अवधि, कार्यको विवरण र सो को प्रमाणबारे अनुसूची '५' बमोजिमको स्वघोषणा पेश गर्नु पर्नेछ।

३.३ आवेदकले विद्यावारिधि उपाधि प्राप्त गरेपछिको पूर्णकालीन (स्थायी, अस्थायी वा करार) शिक्षक/अनुसन्धानकर्ताको हैसियतमा विश्वविद्यालय तहमा पुरा गरेको शिक्षण र अनुसन्धान अनुभव तथा सरकारी अनुसन्धान केन्द्र वा कर्पोरेट अनुसन्धान संस्थामा पोस्टडक्टरल फेलो वा सो सरहको वा सो भन्दा माथिल्लो तहको अनुसन्धान वैज्ञानिकको हैसियतमा गरेको कार्य अनुभव मात्र गणना गरिनेछ।

३.४ अनुभवको गणना गर्दा सम्बन्धित उमेदवारले काम गरेको अवधिलाई बर्ष भरी काम गरेको हकमा प्रति बर्षको अङ्क र महिनाको हकमा महिना पुरा भएकालाई मात्र समानुपातिक आधारमा गणना गरिने छ। कार्य अनुभवको गणना गर्दा निरन्तर काम नगरेको भएमा जुन जुन संस्थामा जति समय काम गरेको छ सोही अवधिलाई सम्बन्धित संस्थाको स्तर अनूरुप गणना गरिने छ।

## अनुसूची ४
## अन्तर्वार्ता

४.१ सेवा आयोगको विज्ञापन बमोजिम प्रतियोगिता हुने सबै शिक्षक पदको अन्तर्वार्ता अनिवार्य हुनेछ।

४.२ अनुसन्धानात्मक विशिष्टताका आधारमा गरिने खुला प्रतियोगिता अन्तर्गत प्राध्यापक, सह-प्राध्यापक र उप-प्राध्यापक पदको अन्तर्वार्ताको लागि निर्धारित २० अङ्कको विभाजन अन्तर्वार्तामा देहाय बमोजिम हुनेछ।

| पद | विशेषज्ञहरूको सङ्ख्या (न्यूनतम) | | | अन्तर्वार्ता पूर्णाङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| | वाह्य | आन्तरिक | जम्मा | सेवा आयोगका अध्यक्ष / सदस्यहरू | वाह्य विशेषज्ञहरू | आन्तरिक विशेषज्ञहरू | जम्मा |
| प्राध्यापक / /सहप्राध्यापक उपप्राध्यापक | १ | २ | ३ | ४ | १० | ६ | २० |

४.३ प्रारम्भिक छनोटमा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्ता चरणमा समावेश गरिनेछ।

४.४ विशेषज्ञ सम्बन्धी व्यवस्था :

(१) यस विनियम बमोजिम हुने प्रतियोगिताको लागि आन्तरिक र वाह्य विशेषज्ञहरू विज्ञापन गरिएको विषय र उम्मेदवारको विशिष्टताको विषयको क्षेत्रको विषयगत र अनुसन्धान विशेषज्ञ हुनुपर्नेछ।

(२) आन्तरिक विशेषज्ञ रोष्टरमा रहेका मध्येबाट सेवाआयोगले तोकेअनुसार हुनेछ। रोष्टरमा भएका विशेषज्ञहरू उपलब्ध हुन नसकेमा वा सम्बन्धित विषयमा आन्तरिक विशेषज्ञहरू उपलब्ध हुन नसकेमा सेवाआयोगले निर्णय गरी आवश्यकता अनुसार नजिकका अन्य विषयका शिक्षकलाई विशेषज्ञ तोक्न सक्नेछ। यस सम्बन्धमा निर्णय गर्नु पूर्व सेवाआयोगले आवश्यकता सम्झेमा सम्भावित विशेषज्ञ तथा विषय समितिका अध्यक्षसँग राय लिन सक्नेछ।

(३) सेवा आयोगबाट अन्तर्वार्ताका लागि वाह्य विशेषज्ञ तोक्दा नेपाल बाहिरका विश्वविद्यालयका बहालवाला वा अवकास प्राप्त सम्बन्धित विषयका विशेषज्ञ प्राध्यापकहरू (Professors) मध्येबाट छनौट गरिनेछ।

४.५ अन्तर्वार्ता प्रारम्भ हुनुभन्दा कम्तीमा एकदिन अगाडि विशेषज्ञलाई अन्तर्वार्ताका लागि छानिएका उम्मेदवारहरूको व्यक्तिगत विवरण अध्ययनको लागि उपलब्ध गराउनु पर्नेछ।

४.६ अन्तर्वार्ता लिने विशेषज्ञहरूले अन्तर्वार्ता दिने उम्मेदवारसँग कुनै प्रकारको स्वार्थ बाझिएको छैन भनी स्वघोषणा गर्नु पर्नेछ । स्वार्थ बाझिएको अवस्था भन्नाले परिवारका सदस्य वा नजिकको नातेदार, अनुसन्धान मा सहअन्वेषण, सहकार्य वा सुपरीवेक्षण वा शोधलेखमा सहलेखन गरेको वा कृतज्ञता ज्ञापन गरेको व्यक्ति, कुनै प्रकारको वित्तीय स्वार्थ जोडिएको वा द्वन्द्वको अवस्थालाई बुझ्नुपर्दछ।

४.७ अन्तर्वार्ता दिने उम्मेदवारले अन्तर्वार्ता लिने विशेषज्ञसँग कुनै प्रकारको गम्भीर स्वार्थ बाझिएको अवस्था (जस्तैः कुनै कानूनी मुद्दा वा उजुर का पक्ष विपक्ष) देखाई विशेषज्ञ परिवर्तन गर्न चाहेमा स्वार्थ बाझिएको अवस्थाको प्रमाण पेस गरी त्यस्तो अनुरोध गर्न सक्नेछ । उम्मेदवारले यस्तो अनुरोध गरेमा आयोगका अध्यक्षले प्रमाणको प्रबलता र औचित्य हेरी अनुरोध अस्वीकार गर्ने वा अनुरोध स्वीकार गरी विशेषज्ञ परिवर्तन गर्ने निर्णय गर्नु पर्नेछ।

४.८ अन्तर्वार्ताको प्रक्रिया देहाय बमोजिम हुनेछः

आयोगले पूर्व सूचना द्वारा तोकेको समय र स्थानमा आयोगका अध्यक्ष र सदस्यहरू, तोकिएका विशेषज्ञहरू र अन्तर्वार्ता दिने उम्मेदवारहरू उपस्थित हुने। दूर विधिबाट अन्तर्वार्ता हुने भए त्यही बमोजिम उम्मेदवार तयार रहने।

- आयोगका अध्यक्षद्वारा विशेषज्ञहरूको सङ्क्षिप्त सौजन्य परिचय (विशेषज्ञहरूको नाम, पद, संस्था र विज्ञताको विषय) प्रस्तुत गर्ने।
- अन्तर्वार्ता दिने उम्मेदवारले निम्नलिखित बुँदाहरू समेटिएको र अधिकतम १५ मिनेटको एक मौखिक प्रस्तुति पावर पोइन्टमा प्रस्तुत गर्नेः
  - उम्मेदवारको अनुसन्धान उपलब्धि (प्रमुख अनुसन्धान योगदान, साइटेसन तथ्याङ्क र सूचक आदि)
  - त्रि.वि वि.मा नियुक्तिको लागि प्रेरणा र योगदानको परिकल्पना
- आयोगका अध्यक्ष, सदस्य र विशेषज्ञहरूद्वारा पालैपालो उम्मेदवारसँग प्रश्न सोध्ने र उम्मेदवारले उत्तर दिने। आयोगका अध्यक्ष, सदस्य र विशेषज्ञहरूले सोध्ने प्रश्नहरू निम्नलिखित विषयमा सीमित हुनु पर्नेछः
  - उम्मेदवारले अध्ययन गरेका विषयहरू र विज्ञापन गरिएको विषयबारे उम्मेदवारको विषयगत ज्ञान र सान्दर्भिक प्राविधिक सीपको स्तर
  - उम्मेदवारको शिक्षण अनुभव, प्रशासनिक अनुभव, अनुसन्धान अनुभव र अनुसन्धान मा योगदान र प्रभावको क्षेत्र र स्तर
  - उम्मेदवारले प्रस्तुत गरेको नियुक्तिका लागि प्रेरणा र योगदानको परिकल्पना बारे अन्य सान्दर्भिक प्रश्न
- आयोगका अध्यक्षद्वारा अन्तर्वार्ता सम्पन्न भएको घोषणा र उम्मेदवारलाई विदाई

- आयोगका अध्यक्ष, सदस्य र विशेषज्ञहरूद्वारा उम्मेदवारको स्वतन्त्र मूल्याङ्कन र तोकिए अनुसार अङ्कहरूको जोड

४.९ अन्तर्वार्तामा कुनै उम्मेदवारले वाह्य विशेषज्ञबाट प्राप्त गरेको अङ्क ५० प्रतिशत (५ अङ्क) भन्दा कम भएमा उम्मेदवार सिफारिस गरिने छैन । सेवाआयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ।

४.१० अन्तर्वार्ता लिने विशेषज्ञहरु तथा अन्तवार्ता दिने उम्मेदवार दूरविधिबाट अन्तर्वातामा सहभागी हुन चाहेमा सेवा आयोगले दूरविधिबाट समेत अन्तर्वार्ता लिने व्यवस्था मिलाउन सक्नेछ । विशेषज्ञहरू दूरविधिबाट अन्तवार्तामा सहभागी भएको अवस्थामा प्राप्ताङ्क तत्काल इमेल मार्फत सेवा आयोगको कार्यालयको आधिकारिक ईमेलमार्फत पठाउनु पर्ने छ ।

४.११ अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने :

(१) प्रारम्भिक छनोटमा परेका कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मिति भन्दा अगाडि नै अन्तर्वार्ता लिई दिन सो को कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिब देखिएमा र सम्भव भएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारले देहायको अवस्था परी आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा १५ दिन र अन्य अवस्थाको हकमा ७ दिन भित्र निवेदन दिएमा आयोगले निवेदनको व्यहोरा मनासिब देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(क) क्रिया बस्नु परेमा,

(ख) कार्यरत विश्वविद्यालय वा संस्थाले अन्तर्वार्ताको मिति अगावै तोकेको कामको कारणबाट उपस्थित हुन नसकेमा,

(ग) काबु बाहिरको परिस्थिति परेमा,

(घ) सुत्केरी भएमा,

(ङ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा ।

चिकित्सा तथा कार्यकारी परिषद्को सचिवालय

# अनुसूची ५
## स्व घोषणा

५.१ आवेदकले आवेदनका साथ आफ्नो योग्यता, तालिम, कार्य अनुभव, पुरस्कार, प्रकाशन, प्रकाशनको स्तर निर्धारण, अनुभव गरेको संस्थाको स्तर निर्धारण, सिफारिस लगायतका विषयमा पेस गर्ने प्रमाणपत्र, कागजात र पत्रहरूको आधिकारिकता सम्बन्धमा देहाय बमोजिमको ढाँचामा स्व घोषणा पेस गर्नु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगले विज्ञापन नं.................... अनुसार गरेको................ पदको आवेदक म......................... यो स्व घोषणा गर्दछु कि मैले मेरो योग्यता, तालिम, कार्य अनुभव, पुरस्कार, प्रकाशन, प्रकाशनको स्तर निर्धारण, बौद्धिक चोरी परीक्षण, अनुभव गरेको संस्थाको स्तर निर्धारण र सिफारिस लगायतका विषयमा पेस गरेको देहाय बमोजिमका प्रमाणपत्र, कागजात, पत्र, विवरण र सूचना आधिकारिक र सत्य हुन् । यी झुठा ठहरे आयोगको नियम अनुसारको सजाय भोग्न र आयोगले यिनलाई अदालत वा न्यायिक प्रक्रियामा प्रमाणको रूपमा पेस गर्न चाहे मेरो मन्जुरी छ ।

पेस गरेको कागजात र विवरणको सूची:

१.
२.
३.
४.
५.

हस्ताक्षर:
मिति:

५.२ आवेदकले स्व घोषणामा उल्लेख गरेका र प्रतियोगिताको सिलसिलामा पेस गरेका कागजात र विवरणमा झुठा वा झुठा प्रभाव पार्ने सूचना पेस गरेको पाइएमा आवेदक नियुक्ति भइसकेको भए नियुक्ति रद्द गरिनेछ ।

५.३ आवेदकले झुठा विवरण पेस गरेको पाईएमा सो विवरणलाई अदालतमा वा न्यायिक प्रक्रियामा प्रमाणको रूपमा पेस गर्न सकिनेछ ।

त्रि.वि. उप तथा कार्यकारी परिषद्को सचिवालय